# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल

**मौजुदा सूची (standing List) मा दर्ता हुन वा अद्यावधिक हुन सम्बन्धमा सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७५/४/१

यस कार्यालय र अन्तर्गतका लागि आर्थिक वर्ष २०७५/०७६ मा आवश्यक पर्ने विभिन्न वस्तु तथा सेवाहरु उपलब्ध गराउन ईच्छुक व्यक्ति, संस्था, फर्म, कम्पनी, आपूर्तिकर्ता, व्यापारी, व्यवसायी, निर्माण व्यवसायी, परामर्शदाता सेवा प्रदायक डिजाईन लगाएत गर्ने, इन्जीनियरिङ्ग कन्सल्टेन्सी ,विज्ञापन प्रकाशन गर्ने एजेन्सी वा गैर सरकारी संस्थाहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ वमोजिम नियमित अर्थात निरन्तर आर्थिक वर्ष भरी हुने मौजुदा सूची (standing List) तयार गर्ने वा अद्यावधिक गर्ने प्रयोजनको लागि तपसिल सर्तहरुको अधिनमा रही सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम (१) संग सम्वन्धित अनुसुचि २ क वमोजिमको ढाँचामा यस कार्यालयमा मौजुदा सूचीमा समावेश वा अद्यावधिक गर्नु हुन सम्वधित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । एक भन्दा बढी कामको लागि निवेदन पेश गर्न चाहनेले प्रत्येक कामको लागि छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्ने छ । यस सम्बन्धमा विस्तृत सूचना कार्यालयको सूचना पाटी वा वेभसाईड www.ratnanagarmun.gov.np बाट हेर्न सकिने व्यहोरा सवैमा अनुरोध छ ।

तपशिल :

१. प्रचलित नियम अनुसार फर्म वा संस्था दर्ता भएको प्रमाणको प्रतिलिपी संलग्न हुनुपर्ने ।

२. मु. अ. करमा दर्ता /स्थायी लेखा नं. र व्यवसायिक ईजाजत प्राप्त गरेको प्रमाणको प्रतिलिपी संलग्न हुनुपर्ने ।

३. आ.व. ०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी एवं आ.व. ०७४/०७५ मा आर्थिक विवरण आन्तरिक राजश्व कार्यालयमा पेश गरेको प्रमाणपत्र राख्नु पर्ने ।

४. निवेदक तोकिएको ढाँचामा नभएको वा अन्य रीत नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन ।

५. व्यक्ति, फर्म वा संस्थालाई सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

नवराज ढुंगाना
प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np